# जातीय समानताको प्रवर्द्धनबारे
# अवस्थित र योजनाबद्ध उपायहरू

## वातावरण तथा परिस्थितिको ब्यूरो (वातावरण शाखा)

वातावरण तथा परिस्थितिको ब्यूरो (वातावरण शाखा) (EEB(EB)) ले कार्बन तटस्थता प्रवर्द्धन गर्ने र हङकङलाई बसोबास योग्य र दिगो सहर बनाउने लक्ष्य राख्दछ। हामीले जलवायु परिवर्तन विरुद्ध लड्ने, वायुको गुणस्तर सुधार गर्ने, विद्युतीय सवारी साधनहरू र हरिया यातायातका अन्य माध्यमहरू प्रवर्द्धन गर्ने र स्रोत परिसंचरणको वकालत गर्ने साथसाथै ती समस्याहरूका लागि सरोकारवाला र सार्वजनिक समर्थन माग्नेलगायत वातावरणीय सुरक्षाका लागि विभिन्न खाका कार्यान्वयन गर्न जारी राख्ने छौँ।

EEB(EB) ले अन्य कुराहरू बिचको जातीय पृष्ठभूमिलाई ध्यान नदिई सर्वसाधारणका सबै सदस्यहरूद्वारा हाम्रा सेवाहरूमा समान पहुँचको सुविधा प्रदान गर्न ठूलो महत्त्व दिन्छ।

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • सर्वसाधारणलाई प्रदान गरिएका सेवाहरू जातिको सन्दर्भमा तटस्थ हुन्छन् र चिनियाँ र/वा अङ्ग्रेजीमा वितरण हुन्छन्। EEB(EB) को वेबसाइटमा रहेको जानकारी चिनियाँ र अङ्ग्रेजी दुवै भाषामा छ। |
| अवस्थित उपायहरू | • हाम्रा नितीहरू र उनका प्रवर्द्धनात्मक जानकारी र सामग्रीहरू जातियको सन्दर्भमा तटस्थ छन्।<br>• EEB (EB) ले सार्वजनिक सोधपूछहरू ह्यान्डल गर्न स्थापित आन्तरिक प्रक्रियाहरू पछ्याउँदै आएको छ। |
| भावी कार्यको मूल्याङ्कन | • EEB(EB) ले सान्दर्भिक जानकारीमा सबै जातीय समूहहरूको समान पहुँचलाई सहज बनाउन नियमित रूपमा हाम्रा सेवाहरूको समीक्षा गर्ने छ। |
| अपनाएको / अपनाउनु पर्ने अतिरिक्त उपायहरू | • हामीले विभिन्न जाति समूहका मानिसहरूबाट कुनै पनि अनुरोधहरू प्राप्त गर्छौं भने, हामी सहायताका लागि सेन्टर फर हार्मनी एन्ड एन्हान्समेन्ट अफ एथनिक माइनोरिटी रेसिडेन्ट्स (Centre for Harmony and Enhancement of Ethnic Minority Residents, CHEER) सँग सम्पर्क गर्ने छौँ ताकि प्रस्तुत गरिनु पर्ने जानकारी विभिन्न जाति समूहका मानिसहरूलाई बुझ्ने ढाँचामा होस्। |

*जातीय समानताको प्रवर्द्धनबारे अवस्थित र योजनाबद्ध उपायहरूसँग सम्बन्धित सोधपूछका लागि, कृपया सुश्री Cathy CHEUNG, कार्यकारी अधिकृत (सामान्य)2 लाई निम्न च्यानलहरूको माध्यमबाट सम्पर्क गर्नुहोस् -*

टेलिफोन नं : 3509 8600
फ्याक्स नं : 2838 2155
इमेल : ebenq@eeb.gov.hk
हुलाकी ठेगाना : 15/F, East Wing, Central Government Offices, 2 Tim Mei Avenue, Tamar, Hong Kong

**वातावरण तथा परिस्थितिको ब्यूरो (वातावरण शाखा)**
**जुलाई 2024**